# रामधुनीनगरपालिकाकार्यालय

## झुम्का, सुनसरी

प्रथम पटक प्रकासितमिति २०७६।०३।०९

प.स.
च.नं.

विषय : ठेक्काको लगाउने वारेको १५दिने सुचना ।

यस नगरपालिकाको मिति २०७६ ०३ ०५ गते वसेको वैठकको निर्णय अनुसार यस नगरपालिका.अन्तर्गत तपसिल वमोजिमको साप्ताहिक हाट बजार र गुद्रीवजारको कर संकलन तथा पटके सवारी कर संकलन गर्न ठेक्का टेण्डर द्वारा वन्दोवस्त गर्नु पर्ने भएकोले सम्वन्धित सबैको जानकारीकोलागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ ईच्छुक संघ / संस्था व्यक्तिहरुले तपसिलका सर्तको अधिनमा रही शिलवन्दि टेन्डर तोकिएको मिति र समयमा छुट्टा छुट्टै दर्ता गराउन हुन अनुरोध छ ।

## तपसिल

| क स. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक वार्षिक रु. | वोलपत्र फारम दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिममिति | वोलपत्र दर्ता गर्ने अन्तिममिति | शिलबन्दिबोलपत्रखोलिने मिति |
|---|---|---|---|---|---|---|
| १. | रामधुनी १ र ५ मालाग्ने शनिवारे वुधवारे साप्ताहिक हटिया तथा दैनिकगुद्रि वजार | १,३८,१,०५५।०० | १,०००।०० | २०७६।०३।२३ | २०७६।०३।२४ दिनको १२ वजे सम्म | २०७६।०३।२४ दिनको २ बजे |
| २. | रामधुनी ६ वक्लौरीमालाग्ने आईतवावारे साप्ताहिक हटिया तथा दैनिकगुद्रिवजार | १,७७,९९२।०० | १,०००।०० | " | " | " |
| ३ | रामधुनी ८ मा शनिवारे वुधवारे लाग्ने साप्ताहिक हटिया तथा दैनिकगुद्रि बजार | ७३,९३६।०० | १,०००।०० | " | " | " |

### ठेक्काको सर्तहरु

१. वोलपत्रफारम खरिद गर्ने बुझाउने अन्तिम दिनहरुमा कुनै सार्वजनिक बिदा पर्न गएमा विदा पछि लाग्ने कार्यालय खुलेको दिनलाई सो कार्यक्रमको लागि गणना गरिने छ ।

२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै वोलपत्र फारम फिर्ता नहुने गरि खरिद गरि पेश गर्नु पर्ने छ । आफुले कबोल गरेको अंकको एकमुष्ठ रकममा ५% (ना.प्र.प.को प्रतिलिपी पेश गर्नु पर्ने) धरौटी रकम यस नगरपालिकाको नाममा रहेको रा.वा.वैक ईनरुवा स्थित धरौटी खाताच.हि.नं. २२२०३०३००३००२ मा दाखिला गरेको बैक भौचर वा सो वमोजिमको नगदै रकम कार्यालयमा बुझाएको नगदी रसिद संलग्न राखि लाहा छाप शिलवन्दि गरी तोकिएको मिति र समय सम्ममा नगरपालिकाको मुख्य कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । र सोहि दिन दिनको २.०० वजे नियमानुसार दर्ता भएको शिलवन्दि वोलपत्र टेण्डर कार्यालय तथा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

३. आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा (कवोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ । टेण्डर फारम भर्नेको नेपालीले नागरिक्ताको प्रमाणपत्रको छायाँप्रति तथा टेण्डर फरम खरिद गरेको नगदि रसिदअनिवार्य संलग्न राख्नु पर्ने छ ।

४. रित नपुगि दर्ता पेश हुन आएको टेन्डर फारम लाई कुनै पनि शर्तमा मान्यता दिईने छैन ।

५. रामधुनी वा.नं. १ हाटखोला भित्र रहेको स्टल (टहरा) मा रहेको पसलमा कर दस्तुर उठाउन पाउने छैन् ।

६. साविकमा यस कार्यालयलाई तिर्न बुझाउन बाँकी रहने व्यक्तिवा संघ संस्थाले ठेक्कामा सहभागि हुन पाउने छैन

७. कर संकलनगर्न प्रयोग गर्ने रसिदआफैले व्यवस्था गर्नु पर्ने छ । कर दस्तुर नगर परिषदले निर्धारण गरे वमोजिम उठाउनु पर्ने छ । रसिद न.पा. वाट प्रमाणित गराई मात्र प्रयोग गर्न पाइने छ ।
८. वोलपत्र फारम जसको नाम वाट जुन प्रयोजनको लागि खरिद गरिएँको छ सोहि व्यक्ति वा फर्मको नाममा र सोहि प्रयोजनमा टेन्डर दाखिला (दर्ता) गर्नु पर्ने छ । नाम फेरी वोल पत्र दाखिला गराएमा त्यस्तो वोल पत्रलाई मान्यता दिइने छैन् ।
९. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ सात दिन भित्रमा आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाएमा मुष्ठ बुझाए वापत १० प्रतिशत छुट दिइनेछ ।
१०. ठेक्का सम्वन्धि लाग्ने कर दस्तुर ठेकेदारले नै वेहोर्नु पर्ने छ ।
११. मापदण्ड विपरितको काम वा संझौता उलंघन गर्ने काम कुनै पक्ष वाट गर्न पाईने छैन गरेमा सो वाट हुने क्षतिपुर्ती र नियमानुसारको कार्वावाही सोही पक्षले वेहोर्नु पर्ने छ ।
१२. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिका मा निहित रहने छ ।
१३. हटिया तथा गुद्रीबजारको सर सफाई ठेकेदार स्वयले गर्नु पर्ने छ ।
१४. हटिया तथा गुद्रीवजार व्यवस्थापन भई नगरपालिकाले अन्य क्षेत्रमा सरेर गएमा सोही स्थानमा गई गुद्रीवजार तथा हटियाको कर दस्तुर उठाउनु पर्ने छ ।
१५. नेपाल सरकारले निषेध गरेका कुनै पनि काम हाट, बजार, दैनिक गुद्रि बजार तथा अन्य ठेक्कामा गर्नपाईने छैन् ।
१६. सुचनामा लेखिएवाहेकको प्रावधानहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

नोट : अन्य विस्तृत कुरा वुझ्नु पर्ने भएमा कार्यालयको फो.नं. ०२५-५६२००५, ०२५-५६२५६६ मा सम्पर्क गरि वा कार्यालय समयमा नगरपालिकाको कार्यालयमा आई वुझ्न सकिने छ ।

जय प्रकाश चौधरी
नगर प्रमुख